# जिल्ला बिकास समिति डोटीको आर्थिक वर्ष २०७१/०७२ को लैङ्गिक समानता तथा सामाजिक समावेशी वजेट परीक्षण

# प्रतिवेदन

**आयोजक**

जिल्ला बिकास समिति , डोटी


**परामर्शदाता**

रामहरी ओभ्हा

पत्रकार/मानवअधिकारकर्मी

ram.kapi@gmail.com

## परामर्शदाताको तर्फवाट

नेपालको संबिधानले राज्यका हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्वको ग्यारेण्टी गरेको छ। उनीहरुलाई नेतृत्व तहमा पुऱ्याउनका लागि उनीहरुको क्षमता बिकास गर्नु राज्यको दायित्वभित्र पर्ने कुरा हो । हाम्रो देशमा करीव करीव ५१ प्रतिशत जनसंख्या महिलाको रहेको छ तर राज्यका निकायहरुमा उनीहरुको प्रतिनिधित्व ज्यादै थोरै रहेको छ । भएका महिलाहरु पनि नीति निर्माण तहमा अझै थोरै छ । पछिल्लो समयमा संयोगले राष्ट्र प्रमुख, व्यवस्थापिका प्रमुख र न्यायपालिका प्रमुखमा महिलाहरु पुग्न सफल हुनु भएको छ यो खुशीको कुरा हो तर ग्रामिण क्षेत्रमा जहाँ अहिले पनि महिलाहरुमाथी बिभिन्न प्रकारका बिभेदहरु हुन्छन र लान्छनाहरु लगाईन्छन ति महिलाहरुको क्षमता अभिबृद्धि हुन नसकेको यथार्थ हाम्रा सामु रहेको छ ।

सन् १९९५ मा चिनको वेईजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले उठाएका महिलाका प्रमुख १२ सरोकारका विषयहरुमा विभिन्न मुलुकका राष्ट्रिय नीति र कार्ययोजनामा पर्याप्त श्रोतको व्यवस्था गर्न नसकिएको वेईजिङ्ग समीक्षा सम्मेलनमा ठहर भइसकेपछि लैङ्गिक उत्तरदायी र सम्वेदनशील वजेट निर्माण तथा परीक्षणको मुद्धामा सरोकार र सचेतना वढ्दै जानु अपरिहार्य देखिएको छ र नेपालमा पछिल्ला वर्षहरुमा वजेट निर्माण प्रक्रिया, संरचना, संयन्त्र र अन्तरवस्तुलाई लैङ्गिक कोणवाट सन्तुलित वनाउदै र यसको परीक्षण समेत गर्दै समतामूलक समाज निर्माणको अभियानलाई टेवा पुऱ्याउनु पर्ने तर्फ प्रचलित कानून र आवधिक योजनाहरुले निर्देशित गरेको छ ।

स्थानीय निकायले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्छन भन्ने कुरामा दुईमत छैन । स्थानीय निकायको स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०६९ को दफा १० (१) अनुसार महिलाहरुका लागि पुँजीगत अनुदानको कम्तीमा १० प्रतिशत वजेट बिनियोन गर्नु पर्ने, उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउनु पर्ने व्यवस्था गरेको छ भने अन्य थुप्रै कानुनहरुले स्थानीय निकायले महिलाहरुका क्षेत्रमा योजना वनाउनु पर्ने व्यवस्था गरेको छ ।
यस अवस्थामा जिल्ला बिकास समिति डोटीले आर्थिक वर्ष २०७१/०७२ मा लैङ्गिक समानता तथा सामाजिक समावेशी योजना तर्जुमा, बजेट बिनियोजन र समावेशीताको सवालमा के कस्ता कार्यहरु गरेको छ भन्ने जान्नका लागि स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ अनुसार जिल्ला बिकास समिति डोटीको "लैङ्गिक समानता तथा समावेशी बजेट परीक्षण" गरिएको हो ।

परीक्षणका क्रममा आवश्यक सहयोग तथा मार्गनिर्देश गर्नु हुने स्थानीय बिकास अधिकारी बासुदेव रेग्मी, महत्वपूर्ण सल्लाह/सुझाव दिनुहुन जिल्ला शासन बिज्ञ प्रज्ञान घिमिरे र जिल्ला बिकास समितिका कार्यक्रम अधिकृत टेकवहादुर खड्का लगायत सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । परीक्षणको कार्यशाला गोष्ठीमा चिया नास्ता सहयोग गर्नु हुने फियान नेपाल र व्यक्तिगत रुपमा सहयोग गर्नु हुने उक्त संस्थाका जिल्ला संयोजक मुकुन्द रानाप्रति पनि आभार व्यक्त गर्दछु ।

कार्यशाला गोष्ठीमा सहभागि भई प्रस्तुत प्रतिवेदनमा रचनात्मक टिप्पणी तथा आवश्यक सुझावहरु दिएर प्रतिवेदनलाई पूर्णता दिनमा सहयोग पुऱ्याउनु हुने नगर शासन बिज्ञ अर्जुन बि.क., महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि सबिना श्रेष्ठ, गैसस महासंघका अध्यक्ष रघु कठायत लगायत सवैमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

रामहरी ओझा
परामर्शदाता

## पृष्ठभुमी

सन् १९९५ मा चिनको वेईजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले उठाएका महिलाका प्रमुख १२ सरोकारका विषयहरुमा विभिन्न मुलुकका राष्ट्रिय नीति र कार्ययोजनामा पर्याप्त श्रोतको व्यवस्था गर्न नसकिएको वेईजिङ्ग समीक्षा सम्मेलनमा ठहर भइसकेपछि लैङ्गिक उत्तरदायी र सम्वेदनशील वजेट निर्माण तथा परीक्षणको मुद्धामा सरोकार र सचेतना वढ्दै जानु अपरिहार्य देखिएको छ र नेपालमा पछिल्ला वर्षहरुमा वजेट निर्माण प्रक्रिया, संरचना, संयन्त्र र अन्तरवस्तुलाई लैङ्गिक कोणवाट सन्तुलित वनाउदै र यसको परीक्षण समेत गर्दै समतामूलक समाज निर्माणको अभियानलाई टेवा पुऱ्याउनु पर्ने तर्फ प्रचलित कानून र आवधिक योजनाहरुले निर्देशित गरेको सन्दर्भमा वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्यामा पुरुषहरुको भन्दा महिलाहरुको बढी देखिएकोले महिलाहरुको समानुपातिक समावेशी प्रतिनिधितवका लागि पनि लैङ्गिक बजेट कार्यान्वयन महत्वपूर्ण हुन्छ । डोटी जिल्लाको कुल जनसंख्या २११७४६ मा महिलाको जनसंख्या पुरुषको भन्दा बढी अर्थात ११४४९४ रहेको छ । महिलाहरुको जनसंख्या करीव ५४ प्रतिशत रहेको छ भने पुरुषको जनसंख्या ४६ प्रतिशत मात्रै रहेको छ। जिल्लाको कुल जनसंख्यामा लैङ्गिक अनुपात १:१.१७७ अवस्थामा रहेको डोटी जिल्लामा जिल्ला विकास समितिको लैङ्गिक वजेट परीक्षणको थालनी गरिएको छ । जिल्ला विकास समिति, डोटीको आर्थिक वर्ष २०७१/०७२ को लैङ्गिक वजेट परीक्षणको सारांश प्रस्तुत गरिएको छ ।

## १.लैङ्गिक वजेट परीक्षणको उद्देश्य

- बजेट तर्जुमा नीति, प्रक्रिया र संरचनाको लैङ्गिक सम्वेदनशीलता र जवाफदेहिता मापन गर्नु ।
- श्रोतको वांडफांटमा महिलाका आवश्यकता सम्वोधन भए/नभएको विश्लेषण गर्नु ।
- नीति निर्माण र योजना तर्जुमा प्रक्रियामा महिलाका मुद्धालाई छलफलमा ल्याउन र सरोकारवालाहरुलाई उत्तरदायी वन्न उत्प्रेरित गर्नु ।
- लैङ्गिक मूल प्रवाहीकरणको समग्र प्रक्रियमा योगदान दिने तर्फ उन्मुख लैङ्गिक सम्वेदनशील आर्थिक प्रतिवद्धता निर्माण गर्न सहयोग पुऱ्याउनु ।

## २. बजेट परीक्षणको बिधि :

जिल्ला बिकास समिति डोटीको लैङ्गिक समानता तथा सामाजिक समावेशी वजेट परीक्षणका क्रममा निम्न बिधिहरु अपनाईएको थियो :

- जिल्ला बिकास समितिले आर्थिक वर्ष २०१/०७२ का लागि स्वीकृत गरेका योजनाहरुमा गठन भएका उपभोक्ता समितिहरुमा महिलाहरुको सहभागिता र सक्रियताको अवस्था जान्नका लागि उपभोक्ता समितिहरुसंग समूह छलफल बिधिवाट सूचनाहरु संकलन गरिएको थियो ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि जिल्ला बिकास समितिमा भएका दस्तावेजहरु अध्ययन गरी सूचनाहरु संकलन गरिएको थियो ।
- जिल्ला बिकास समितिले आर्थिक वर्ष २०७१/०७२ का लागि तय गरेको नीति तथा कार्यक्रम र बिनियोजन गरेको वजेट र आर्थिक वर्ष २०७१/०७२ को तुलनात्मक अध्ययन गरिएको थियो ।
- जिल्ला बिकास समितिका सामाजिक बिकास अधिकृत, जिल्ला शासन बिज्ञ र योजना शाखाका कर्मचारीहरुसंग असंरचित अन्तर्बार्ता लिईएको थियो ।

- स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ अनुसार तोकिएका सूचकहरुमा जिल्ला बिकास समितिका सामाजिक बिकास अधिकृत, जिल्ला शासन बिज्ञ र योजना शाखाका कर्मचारीहरुलाई राखी अंकन गर्ने कार्य गरिएको थियो ।
- जिल्ला बिकास समितिको कर्मचारीहरुसंगको छलफलका आधारमा गरिएको अंकनलाई समावेश गरी प्रतिवेदनको खाका तयार गरिएको थियो ।
- प्रतिवेदनको खाकालाई स्थानीय बिकास अधिकारी लगायत जिल्ला बिकास समितिका सवै कर्मचारीहरु, जिल्ला शासन बिज्ञ, दिपायल सिलगढी नगरपालिकाका नगर शासन बिज्ञ, महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि, महिला अधिकारको क्षेत्रमा काम गर्ने गैससका प्रतिनिधिहरु सहितको कार्यशालामा प्रस्तुत गरिएको थियो । कार्यशालावाट आएका सुझावहरु समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको थियो ।

**२.लैङ्गिक बजेट परीक्षणको अपेक्षित उपलव्धीहरु**

- लैङ्गिक मूल प्रवाहीकरणको प्रक्रियाभित्र जिल्ला विकास समिति विषयगत निकाय, राजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरुको उत्तरदायित्व वढ्ने छ ।
- डोटी जिल्लाका विकास निर्माणमा भएको लगानीको लाभमा महिलाको हिस्साको विश्लेषण हुने छ ।
- स्थानीय स्तरका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन सम्वन्धी नीति, प्रक्रिया र संरचनाका साथै नीति निर्माण प्रक्रियालाई लैङ्गिक सम्वेदनशील वन्न/कार्यनीति परिमार्जन गर्न पृष्ठपोषण प्राप्त हुने छ ।

**३.लैङ्गिक बजेट परीक्षणको क्षेत्र:**

- नीतिको लैङ्गिक सम्वेदनशीलता ।
- प्रक्रियाको लैङ्गिक सम्वेदनशीलता ।
- संरचनाको लैङ्गिक सम्वेदनशीलता ।
- श्रोत विनियोजनको लैङ्गिक विश्लेषण ।
- कार्यान्वयन तहमा लैङ्गिक सहभागिताको अवस्था ।

**जिल्ला विकास समितिको नीति तथा कार्यक्रम, नीतिगत निर्णय र आ.व.०७१/०७२ को वजेट विनियोजनको अवस्था**

१८ औं जिल्ला परिषदमा प्रस्तुत जिल्ला विकास समितिको आ.व. ०७१/०७२ को नीति, कार्यक्रम तथा वजेट वक्तव्यमा महिलाहरुका लागि लिईएका नीतिहरु :

- शत प्रतिशत स्वास्थ्य संस्थामा सुत्केरी सेवाको व्यवस्था गरिने ।
- प्रत्येक स्वास्थ्य संस्थावाट चौबिसै घण्टा र शत प्रतिशत संस्थागत सुत्केरी हुने व्यवस्था गरिने छ । प्रसुतिका कारण हुने मातृ मृत्युदरलाई शुन्यमा झारिनेछ ।
- बिद्यालयहरुमा शौचालय निर्माण गर्दा अपाङ्गमैत्री र महिलामैत्री हुने गरी बिशेष प्राथमिकता दिईने

- घरेलु हिंसा/महिला हिंसा नियन्त्रण र महिला सशक्तिकरण र एकल महिलाका लागि संस्थागत क्षमता अभिबृद्धिको कार्यक्रमलाई निरन्तरता दिइने छ। महिला हिंसा न्यूनिकरणका लागि लैङ्गिक हिंसा निगरानी समूह गठन गर्ने, गरीवी बिरुद्ध महिला अभियानमा जोड दिने, लैङ्गिक हिंसा पिडित महिलाहरुको सहयोगमा लागि कोष बृद्धि गरी परिचालन गर्ने
- डोटी जिल्लालाई छाउपडी गोठमुक्त जिल्ला घोषणा गर्ने अभियान सुरु भईसकेकोले छोउपडी गोठ रहेका गाबिसहरु पहिचान गर्ने कार्यदल गठन भई सामजिक परिचालन गर्ने जिम्मेवारी समेत तोकिसकेको सन्दर्भमा क्रमसः छाउपडी गोठमुक्त गाबिस घोषणा गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- गरीवी न्यूनीकरणका लागि 'गरीवी बिरुद्ध महिला' कार्यक्रमका माध्यमवाट प्रत्येक घरलाई व्यवसायिक वनाउने कार्यलाई निरन्तरता दिईने छ। पूर्ण खोपयुक्त जिल्ला डोटीलाई दिगोपना दिन जिल्ला विकास समितिले जिल्ला स्वास्थ्य कार्यालयको प्राबिधिक सहयोगमा योजना वनाई जिल्ला स्वास्थ्य कार्यालय मार्फत कार्यक्रम आगाडि बढाउने।
- बहुक्षेत्र पोषण कार्यक्रमलाई स्वास्थ्यको निरन्तर कार्यक्रममा मुलप्रवाहीकरण गरिने र प्राबिधिक सहयोग गरिने
- महिला, वालवालिका, आदिवासी, जनजाती, अपाङ्ग, दलितहरुको वर्तमान स्थितिमा सुधार ल्याउन वस्ती, वडा, गाविस र ईलाकावाट छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ जिविसको लक्षित कार्यक्रमको वजेट बिषयगत कार्यालयहरुको कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने
- हिंसा पिडित महिलाहरुको लागि सुरक्षित मनोबिमर्श केन्द्र निर्माण गर्नका लागि पहल गर्ने
- गाबिसस्तरमा एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु र दलित महिलाहरुको सञ्जाल निर्माण गरी उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने

**३.जिल्ला विकास समितिको योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा महिला सहभागिता**

| क.स. | बैठकको नाम | सहभागि संख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरुष |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका १ | ३९ | ११ | २८ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका २ | ६३ | ५ | ५८ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ३ | ७९ | ८ | ७१ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ४ | ६६ | २ | ६४ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ५ | ५६ | ४ | ५२ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ६ | ५९ | ४ | ५५ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ७ | ४५ | ९ | ३६ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ८ | ८४ | ४ | ८० |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ९ | ५१ | ४ | ४७ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका १० | ९० | ५ | ८५ |
| | ईलाकास्तरीय योजना तर्जुमा बैठक ईलाका ११ | ६३ | ४ | ५९ |
| | **जम्मा** | **६९५** | **६०** | **६३५** |
| **बिषयगत योजना तर्जुमा समितिहरुमा महिला सहभागिता** | | | | |

| | | | | |
|---|---|---|---|---|
| | संगठन तथा प्रशासन समिति | १७ | ० | १७ |
| | जनसंख्या तथा सामाजिक बिकास समिति | ५३ | ४ | ४९ |
| | कृषि, बन, उद्योग तथा बातावरण समिति | २९ | ३ | २६ |
| | राजश्व परामर्श समिति | १२ | १ | ११ |
| | जलस्रोत तथा भुमि समिति | २३ | ० | २३ |
| | भौतिक पूर्वाधार तथा संरचना बिकास समिति | २६ | ० | २६ |
| | एकिकृत योजना तर्जुमा समिति | ४९ | ३ | ४६ |
| | जिल्ला परिषद् | २५८ | २३ | २३५ |
| | जम्मा | ४६७ | ३४ | ४३३ |

माथीको तालिका हेर्दा ईलाकास्तरीय एकिकृत योजना तर्जुमा समितिमा महिलाहरुको संख्या ज्यादै न्यून देखिएको छ । डोटीका ११ वटा ईलाकामा भएको एकिकृत योजना तर्जुमा बैठकमा सहभागि भएका जम्मा ६९५ मध्ये महिलाहरु जम्मा ६० जना अर्थात ८.६३ प्रतिशत मात्रै महिलाहरु रहेका छन । यस तथ्याँकले योजना तर्जुमा प्रक्रियामा महिलाहरुको सहभागिता ज्यादै न्यून छ भन्ने देखाएको छ। यस तालिकालाई तलको चार्टमा देखाउँदा




यस्तै जिल्लास्तरीय बिषयगत समितिका बैठकहरुमा महिला सहभागिताको अवस्था झनै न्यून रहेको पाईयो । संगठन तथा प्रशासन समितिको बैठकमा सहभागि भएका १७ जनामध्ये एक जना पनि महिला सहभागिता देखिदैन । यस्तै जनसंख्या तथा सामाजिक बिकास समितिको बैठकमा सहभागि ५३ जनामध्ये जम्मा ४ जना अर्थात ७.५४ प्रतिशत मात्रै महिला सहभागिता रहेको पाईयो । कृषि, बन, उद्योग तथा बातावरण समितिको बैठकमा २९ जनामध्ये ३ जना आर्थत १०.३४ प्रतिशत मात्रै महिला सहभागिता रहेको पाईयो । राजश्व परामर्श समितिको बैठकमा सहभागि १२ जनामध्ये एक जना मात्रै अर्थात ८.३३ प्रतिशत मात्रै महिला देखिन्छन् । यस्तै जलस्रोत तथा भुमि समितिको बैठकमा सहभागि भएका महिला सहभागिता शुन्य प्रतिशत देखिन्छ। यस समितिको बैठकमा २३ जना सहभागि भएकामा एक जना पनि महिला छैनन्। भौतिक पूर्वाधार तथा संरचना बिकास समितिको बैठकमा पनि महिलाहरुको शुन्य प्रतिशत सहभागिता देखिन्छ। यस बैठकमा जम्मा २६ जना सहभागि छन । एकिकृत योजना तर्जुमा समितिको बैठकमा सहभागि भएका ४९ जनामध्ये ३ जना अर्थात ६ प्रतिशत मात्रै महिला सहभागिता देखिन्छ।

जिल्ला परिषद्मा पनि महिला सहभागिता ज्यादै न्यू रहेको देखिन्छ । जिल्ला परिषद्मा सहभागि भएका २५८ जनामा जम्मा २३ जना अर्थात ८.९१ प्रतिशत मात्रै महिला रहेका छन । यस तथ्याँकलाई तलको चार्टमा देखाउँदा




**जिल्ला बिकास समितिले महिलाहरुको क्षेत्रमा गरेको लगानीको अवस्था (जिल्ला परिषद्ले छुट्याएको)**

**लक्षित समुदाय बिकास कार्यक्रमतर्फ**

आर्थिक वर्ष २०७१/०७२ मा महिला लक्षित बजेटवाट गरिएका क्रियाकलापहरु :

| शिर्षक | छुट्याईएको रकम | खर्च भएको रकम |
|---|---|---|
| सरस्वती उ.मा.वि. शौचालय निर्माण | १००,०००।०० | १००,०००।०० |
| स्वास्थ्य क्लिनिक व्यवस्थापन, काँडी | ५०,०००।०० | ५०,०००।०० |
| दुर्गादेवी महिला सहकारी संस्थाको भवन निर्माण | १००,०००।०० | १००,०००।०० |
| वडा नं. १ सिलगाउँ खानेपानी (कुवाँ) मर्मत | २५,०००।०० | २५,०००।०० |
| अल्पकालिन सेवा केन्द्र व्यवस्थापन | २५,०००।०० | २५,०००।०० |
| दुधेश्वर महिला सहकारी व्यवस्थापन | १००,०००।०० | १००,०००।०० |
| अन्तर पार्टी महिला सदस्य, दलित महिला, एकल महिला, अपाङ्ग महिला तथा अन्य महिलाका लागि नेतृत्व विकास तालिम | १५०,०००।०० | १५०,०००।०० |
| महिला हिंसा सम्बन्धी सडक नाटक (३ वटा) | ५१,०००।०० | ५१,०००।०० |

| | | |
|---|---|---|
| महिला सशक्तिकरण कार्यक्रम | ५०,०००।०० | ५०,०००।०० |
| सिलाई कटाई तालिम | ५०,०००।०० | ५०,०००।०० |
| सीप विकास तालिम संचालन (मैनवत्ती तालिम) | १००,०००।०० | १००,०००।०० |

माथीको तालिका हेर्दा जिल्ला बिकास समिति डोटीले आर्थिक वर्ष २०७१/०७२ मा लक्षित वर्गको वजेट अन्तरगत महिलाहरुका लागि छुट्याईएको रकम जम्मा ८०१०००।- मध्ये दुई लाख २५ हजार अर्थात २८ प्रतिशत वजेट भौतिक पूर्वाधार निर्माणमा खर्च भएको देखिएको छ । यस्तै एक लाख ७५ हजार अर्थात २१.८४ प्रतिशत रकम महिलासंग सम्वन्धित संस्थाहरुको व्यवस्थापनमा खर्च गरिएको देखिएको छ । यसैगरी नेतृत्व बिकास, सशक्तिकरण र सचेतिकरणमा दुई लाख ५१ हजार अर्थात ३१.३३ प्रतिशत रकम खर्च गरिएको छ भने उनीहरुलाई सीप बिकास तालिम दिएर आय आर्जनमा प्रत्येक्ष फाईदा पुग्न सक्ने खालका कार्यक्रममा एक लाख ५० हजार अर्थात १८.७२ प्रतिशत मात्रै बिनियोजन गरिएको छ । यस तथ्याँकले अहिले पनि हामीहरु भौतिक पूर्वाधार बिकासमै बढी जोड दिईरहेका छौं भन्ने देखाईरहेको छ ।

**थप योजना**

जिल्ला बिकास समितिले आर्थिक वर्ष २०७१/०७२ मा सञ्चालन गरेका योजनाहरुमध्ये लक्षित वर्गको योजना छुट्याई अध्ययन गर्दा जम्मा एक योजना मात्रै महिलाहरुका लागि भनेर छुट्याईएको पाईएको छ । डोटी डौड गाबिसमा महिला सामुदायिक भवन निर्माणका लागि रु पाँच लाख छुट्याईएको छ ।

**५.पहिचान गरिएका उपलब्धीहरु**

- निर्णय प्रक्रियामा महिला सहभागिता निराशानजक भएपनि सहभागि भएका महिलाहरुले अर्थपूर्ण प्रतिनिधित्व गरेको पाईन्छ ।
- निकै कम मात्रामा भएपनि महिलाहरुको वकालत र सरोकारवालाहरुको संवेदनशीलता वढ्दै गएको पाईन्छ ।
- सार्वजनिक जीवनमा महिला सहभागिता वढ्दै गएको देखिएको छ ।
- लैङ्गिक हिंसाका घटनाहरुमा महिलाहरुले न्याय पाउन थालेका छन/आवाज उठाउन थालेका छन ।

**६. पहिचान गरिएका चुनौतीहरु**

- सरोकारवालाहरुमा पर्याप्त सरोकार वढेको छैन ।
- निर्णय प्रक्रियामा सहभागिता वढाउन घरेलु कार्यवोझ वाधक छ ।
- टाठावाठा परिवारका महिलाहरुको मात्र निर्णय प्रक्रिया र स्थानीय श्रोतमा हालीमुहाली अझै व्यापक छ ।
- सीमित योजना तथा कार्यक्रमलाई पनि उत्पादनमूलक वनाउन सकिएको छैन ।
- नीति, योजनाको प्रभावकारी कार्यान्वयन गरी उोही अनुसारका योजनाहरु वनाई परिणाममुखी वनाउन सकिएको छैन ।

**सुझाव तथा सिफारिस**

**१.संस्थागतस्तरमा गर्नु पर्ने कामहरु**

- जिल्लास्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यविधि वनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने ।
- महिला तथा वालवालिका कार्यालय र CFLG को सहकार्यमा महिला डेस्क स्थापना गरिनु पर्ने ।
- महिलाका समिति र सञ्जालवाट आएका मागहरुलाई संकलित गरी निर्णय प्रक्रियामा अनिवार्य रुपमा प्रस्तुत गरिनु पर्ने ।
- महिलाहरुलाई जिल्लाभित्रका सवै समूह, सञ्जाल तथा संघसंस्थाहरुमा समानुपातिक प्रतिनिधित्व गराउनका लागि परिषद्वाटै नीतिगत निर्णय गर्नु पर्ने ।

**२.कार्यान्वयनस्तरमा गर्नु पर्ने कामहरु**

- देखाउनका लागि मात्रै महिला सहभागिताको अवस्था अन्त्य गर्नका लागि उपभोक्ता समितिमा रहेका महिलाहरुलाई सक्रिय वनाउनका लागि उनीहरुलाई उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार सम्वन्धि तालिम दिनु पर्ने ।
- उपभोक्ता समितिमा महिला सहभागिता वढाउन थप पहल गर्नु पर्ने ।
- महिलाहरुका लागि छुट्याईने स्थानीय निकायको १० प्रतिशत रकम बृद्धि गर्नु पर्ने र उक्त रकम स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०६९ को म्याण्डेत अनुसार बिपन्न महिलाहरुका लागि मात्रै खर्च गर्ने परिपाटीको बिकास गरिनु पर्ने ।
- स्थानीय निकायको लक्षित वर्ग अन्तरगतको १० प्रतिशत रकम **'महिलाहरुलाई' नभएर 'महिलाहरुका लागि महिलाहरुको सहभागितामा'** खर्च गर्ने बानीको बिकास गर्नु पर्ने ।
- महिलाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैससहरुले महिलाका स्थानीय सामुदायिक संस्थासंग अनिवार्य रुपमा सहकार्य गर्नु पर्ने ।
- राजनीतिक दलहरुसंग आवद्ध महिलाहरुले महिलाहरुको लागि छुट्याईएको बजेट आफ्नो अनुकुल खर्च गर्न पाउनु आफ्नो अधिकार हो भन्ने ठान्नुले ठोस योजनाहरु आउन नसकेको देखिएको छ । यसैले यसमा सुधार ल्याउनु जरुरी छ ।

**३.वजेट विनियोजनमा गर्नु पर्ने कामहरु**

- प्रत्येक्ष रुपमा महिलाहरुको क्षमता विकास हुने र उत्पादन वढ्ने कार्यहरुमा जिल्ला विकास समिति अनुदानको कम्तिमा ३३ प्रतिशत वजेट विनियोजन हुनु पर्ने ।
- वजेट विनियोजन गर्दा महिलासंग सम्वन्धित प्रचलित कानून र जिल्लास्तरीय नीतिहरुको प्रभावकारी रुपमा पालना गरिनु पर्ने ।
- महिला लक्षित बजेटको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला बिकास समितिले ठोस् नीति लिईनु पर्ने ।

# जिल्ला बिकास समितिको कार्यालय
# डोटी
## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण
## आर्थिक वर्ष २०७१/०७२

| परीक्षण अंक : राम्रो–१, ठिकै–०.५ र नभएको–० | | | | |
|---|---|---|---|---|
| क्र.स. | सूचक तथा उपसूचकहरु | अंकभार | अवस्था | प्राप्तांक |
| **१** | **स्थानीय निकायको नीतिमा लैंगिक समानता तथा सामाजिक समावेशी विकास** | **१२** | | ६.५ |
| १.१ | **स्थानीय निकायको नीति र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)** | **४** | | २.५ |
| क | स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्वन्धी स्पष्ट दीर्घकालीन सोच वा परिकल्पना छ/छैन? | १ | छ | १ |
| ख | स्थानीय निकायको उदेश्यले महिला र पुरुष वीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेटेको छ/छैन? | १ | समेटेको छ | १ |
| ग | महिला र पुरुष वीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण वढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ/छैन? | १ | सामान्य छ । | ०.५ |
| घ | महिला र पुरुष वीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण वढाउनको लागि संस्थाको निश्चित रणनीति छ/छैन? | १ | छैन | ० |
| १.२ | **महिला पुरुष समविकास (कर्मचारी / पदाधिकारी)** | **४** | | २ |
| क | स्थानीय निकायका कर्मचारीहरुको पदपूर्ति गर्दा सब जातजाति, वर्ग, लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरुको प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/छैन ? | १ | छ | १ |
| ख | स्थानीय निकायमा लैंगिक विकास हेर्ने इकाईको ब्यवस्था छ/छैन ? (लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक | १ | छ | १ |

| | | | | |
|---|---|---|---|---|
| | समावेशीकरण कार्यान्वयन समिति) | | | |
| ग | स्थानीय निकायको निर्णयक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान (५०/५०) प्रतिनिधित्व रहेको छ/छैन ? | १ | छैन | ० |
| घ | महिला तथा पुरुष कर्मचारीहरुको संख्यामा समानता छ/छैन ? (स्थानीय निकायले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने) | १ | छैन | ० |
| **१.३** | **लैंगिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | **४** | | २.५ |
| क | महिला कर्मचारीहरुको गर्भावस्था र वच्चालाई स्तनपान सम्वन्धी संवेदनशिलतालाई ध्यान दिने गरिएको छ/छैन ? (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाईने) | १ | छ | १ |
| ख | महिला र पुरुषका लागि अलग्ग□शौचालयको ब्यवस्था छ/छैन ? | १ | छ | १ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता वनाएर लागु गरिएको छ/छैन ? | १ | छैन | ० |
| घ | महिला माथि हिंसा भएमा तत्काल सुनुवाईको ब्यवस्था छ/छैन ? | १ | अलिअलि | ०.५ |
| **२** | **स्थानीय निकायको क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मुल प्रवाहीकरण** | **१२** | | २ |
| **२.१** | **लैंगिक तथा समावेशी विकासको लागि क्षमता विकास वजेट** | **४** | | ० |
| क | स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरुले लैंगिक तथा समावेशी विकास सम्वन्धी तालिम लिएका छन/छैनन □? | १ | छैन (परीक्षण गरिएको वर्षमा नभएको) | ० |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी सञ्चालन गर्न गत वर्ष पर्याप्त रकमको ब्यवस्था थियो वा थिएन ? (पर्याप्त रकम भन्नाले सब□ पदाधिकारी/कर्मचारी देखि गाविसका सचिव र सामाजिक परिचालकहरुसम्मलाई तालिम दिन | १ | छैन | ० |

| | | | | |
|---|---|---|---|---|
| | आवश्यक पर्ने रकम) | | | |
| ग | त्यस तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चतता गरेको थियो वा थिएन ? | १ | छैन | ० |
| घ | तालिमका विषयवस्तुको प्रस्तुतिकरणमा लैंगिक सम्वेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्वन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | १ | छैन | ० |
| २.२ | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | **४** | | २ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरुको सहभागिता छ ? | १ | छ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरुलाई तालिमको ब्यवस्था छ ? | १ | अलिअलि छ | ०.५ |
| ग | क्षमता विकास कार्यक्रम र वजेटको बाँडफाँट तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागि गराईन्छ ? (गाविस स्तरमा) | १ | छैन | ० |
| घ | महिला तथा लक्षित समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन ? सो अनुसारको वजेट विनियोजन गरिएको छ ? | १ | अलि अलि छ | ०.५ |
| २.३ | **स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | **४** | | ० |
| क | स्थानीय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | १ | छैन | ० |
| ख | के स्थानीय निकायको क्षमता विकास योजनामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैंगिक तथा समावेशी सम्पर्क ब्यक्तिहरुको | १ | छैन | ० |

| | | | | |
|---|---|---|---|---|
| | क्षमता विकास ब्यवस्था गरेको छ ? | | | |
| ग | के स्थानीय निकायको क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न वजेटको ब्यवस्था गरेको छ ? | १ | छैन | ० |
| घ | उक्त परीक्षण पश्चात लैंगिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटको ब्यवस्था गरेको छ ? | १ | छैन | ० |
| **३.** | **लक्षित कार्यक्रम** | **१२** | | ६.५ |
| ३.१ | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समुहको सहभागिता** | **४** | | ३ |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यांक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सब जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका ब्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समुह भनी तोकेका अन्य वर्ग एवम समुदायका महिला र पुरुष) | १ | छ | १ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुस्लिम पिछडावर्ग र दलित लगायतका सव जातजाति र विपन्न गर्गका समुहहरुसंग वसेर समस्या केलाउने र विश्लेषण गर्ने गरिन्छ ? विपन्नता स्तरीकरण भएको छ ? (दुव भए १ र एक मात्र भए ०.५ अंक दिने) | १ | अलि अलि भएको छ | ०.५ |
| ग | के स्थानीय निकायको योजना लक्षित समुहहरुले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | १ | अलि अलि छ | ०.५ |
| घ | के स्थानीय निकायको योजना लक्षित समुहहरुको लागि छुट्याएको न्यूनतम बजेट (१० प्रतिशत महिला, १५ प्रतिशत वालबालिका, | १ | छ | १ |

| | | | | |
|---|---|---|---|---|
| | १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेका वर्गलाई विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयमा बजेट खर्च गरिएको छ ? | | | |
| **३.२** | **महिला उत्थानका कार्यक्रमहरु** | **४** | | १.५ |
| क | महिलाहरुको स्वास्थ्य सुधार सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालित भएका छन ? (जस्तः सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदान प्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ्य शिविरहरु राख्ने) | १ | अलि अलि छन | ०.५ |
| ख | महिलाहरुको लागि शिक्षा सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालित भएका छन ? (जस्तोः अविभावक शिक्षा, प्रोढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमुलक प्रौढ शिक्षा, वच्चा देखि वच्चा कक्षा आदि) | १ | अलि अलि भएका छन | ०.५ |
| ग | महिलाहरुको लागि कानुनी शिक्षा सम्वन्धी कार्यक्रमहरु सञ्चालित भएका छन ? (जस्तोः कानुनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलीवेटी वेचबिखन, छउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण आदि) | १ | अलि अलि भएका छन | ०.५ |
| घ | महिलाहरुको लागि कानुनी शिक्षा सम्वन्धी कार्यक्रमहरु सञ्चालनवाट लाभान्वित भएका छन ? (जस्तोः कानुनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलीवेटी वेचबिखन, छउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण आदि) | १ | छैन | ० |
| **३.३** | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु** | **४** | | २ |
| क | स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरुको सक्रीय सहभागितामा तय गर्ने गरेको छ ? | १ | छैन | ० |

| | | | | |
|---|---|---|---|---|
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमुलक, आयमुलक र सिपमुलक कार्यक्रमहरु राख्ने गरिएको छ ? | १ | अलिअलि छ | ०.५ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | १ | अलिअलि छ | ०.५ |
| घ | स्थानीय निकायको योजना कार्यान्वयनवाट लक्षित समुहहरु लाभान्वित भएका छन ? | १ | छन | १ |
| **४.** | **लैंगिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन** | **१२** | | ५.५ |
| **४.१** | **योजना तर्जुमामा लैंगिक तथा सामाजिक समावेशी विकास** | **४** | | १ |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यांक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डिकृत तथ्यांकको समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | १ | छ | १ |
| ख | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टा अवस्था विश्लेषण र आवश्यकता पहीचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | १ | छैन | ० |
| ग | के स्थानीय निकायले योजना तर्जुमा गर्दा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट तर्जुमा प्रक्रिया अवलम्वन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | १ | छैन | ० |
| घ | के गत वर्षको बार्षिक योजना अनुसार लैंगिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सब क्रियाकलापहरु सम्पन्न भए ? | १ | छैन | ० |
| **४.२** | **योजना कार्यान्वयनमा लैंगिक तथा सामाजिक** | **४** | | २.५ |

| | | | | |
|---|---|---|---|---|
| | **समावेशी विकास** | | | |
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरुको सक्रीय सहभागितामा गर्ने गरिएको छ ? | १ | अलिअलि छ | ०.५ |
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | १ | अलिअलि छ | ०.५ |
| ग | उपभोक्ता समितिले गर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथ उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समुहमा दलित, आदिवासी/जनजाति, पिछाडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व रहेको छ ? | १ | छ | १ |
| घ | के स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैंगिक मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | १ | अलिअलि छ | ०.५ |
| ४.३ | **अनुगमन तथा मुल्यांकन** | **४** | | २ |
| क | के स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत छ ? | १ | छन | १ |
| ख | के स्थानीय निकायमा अनुगमन, मुल्यांकन गर्दा लैंगिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको सञ्चालनवाट महिला र पुरुष तथा विभिन्न जातजातिहरुलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | १ | छैन | ० |
| ग | के स्थानीय निकायमा लैंगिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | १ | छैन | ० |
| घ | के अनुगमन तथा मुल्यांकनवाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा | १ | छ | १ |

| | | | | |
|---|---|---|---|---|
| | समावेश गर्ने गरिन्छ ? | | | |
| ५. | **आन्तरिक संरचना** | १२ | | ६ |
| ५.१ | **स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता** | ४ | | २ |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | १ | छ | १ |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | १ | छ | १ |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तजुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | १ | छैन | ० |
| घ | के जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | १ | छैन | ० |
| ५.२ | **वित्त तथा लेखा ब्यवस्थापन** | ४ | | ३ |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | १ | छ | १ |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | १ | छ | १ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | १ | छैन | ० |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | १ | छ | १ |
| ५.३ | **स्थानीय निकायमा गठीत समिति** | ४ | | १ |
| क | के जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | १ | गठन भएको छ, सक्रिय रुपमा सञ्चालनमा छैन | ०.५ |
| ख | जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | १ | अलिअलि छ | ०.५ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको | १ | अलिअलि छ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | | | |
| घ | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | १ | छैन | ० |
| **६.** | **सुशासन** | **१२** | | ९.५ |
| **६.१** | **पारदर्शिता/जवाफदेहिता** | **४** | | ३.५ |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | १ | छ | १ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | १ | छ | १ |
| ग | के स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | १ | छ | १ |
| घ | के स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरिता ढंगबाट दिने गरेको छ ? | १ | अलिअलि छ | ०.५ |
| **६.२** | **सूचना ब्यवस्थापन** | **४** | | ३ |
| क | के स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरेको छ ? | १ | अलिअलि छ | ०.५ |
| ख | के स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | १ | छ | १ |
| ग | के स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् ? | १ | छ | १ |
| घ | के स्थानीय निकायमा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरिएको छ ? | १ | अलिअलि छ | ०.५ |
| **६.३** | **सूचना शिक्षा र सञ्चार** | **४** | | ३ |
| क | के स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | १ | छ | १ |
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको | १ | अलि अलि छ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| | प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? | | | |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भई यी वर्गहरूको स्थानीय निकायको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको छ ? | १ | अलि अलि छ | ०.५ |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरूद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | १ | छ | १ |
| **७.** | **मानव संसाधन तथा सम्वन्ध विस्तार** | **१२** | | ४.५ |
| **७.१** | **मानव संसाधन ब्यवस्थापन** | **४** | | २ |
| क | स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | १ | अलिअलि छ | ०.५ |
| ख | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाइ छ? | १ | छ | १ |
| ग | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरका छन ? | १ | छैन | ० |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख छ ? | १ | अलिअलि छ | ०.५ |
| **७.२** | **सम्वन्ध विस्तार** | **४** | | १ |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | १ | छैन | ० |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | १ | छ | १ |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ ? | १ | छैन | ० |
| घ | स्थानीय निकायका कर्मचारीहरूले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | १ | छैन | ० |
| **७.३** | **ब्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | **४** | | १.५ |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र | १ | छैन | ० |

| | | | | |
|---|---|---|---|---|
| | रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | | | |
| ख | ग्रमीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | १ | छैन | ० |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन ( वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | १ | छ | १ |
| घ | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | १ | अलिअलि छ | ०.५ |
| **८.** | **नेपाल सरकारका लैंगिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **१२** | | ३ |
| **८.१** | **नेपाल सरकारका लैंगिक विकासका नीति र प्रतिवद्धताको कार्यान्वयन** | **४** | | १ |
| क | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | १ | अलिअलि छ | ०.५ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ? | १ | अलि अलि छ | ०.५ |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा स्थानीय निकायका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | १ | छैन | ० |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | १ | छैन | ० |
| **८.२** | **महिला विरुद्ध हुने सवखाले हिंसा निर्मुल पार्ने** | **४** | | ० |
| क | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | १ | छैन | ० |
| ख | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गरेको छ ? | १ | छैन | ० |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू स्थानीय निकायहरूले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | १ | छैन | ० |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? | १ | छैन | ० |

| | | | | |
|---|---|---|---|---|
| ८.३ | **नेपाल सरकारका सामाजिक समावेशीकरण विकासका नीति र प्रतिवद्धताको कार्यान्वयन** | **४** | | २ |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ? | १ | छ | १ |
| ख | के स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू संचालन गर्ने गरको छ ? | १ | छैन | ० |
| ग | के स्थानीय निकायबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको छ ? | १ | छ | १ |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरेको छ ? | १ | छैन | ० |
| | | ९६ | | ४४ |

# जिल्ला बिकास समितिको कार्यालय

# डोटी

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट परीक्षण
## आर्थिक वर्ष २०७१/०७२

| क्र.सं. | सूचकहरु | अंकभार | अवस्था | प्राप्ताङ्ग |
|---|---|---|---|---|
| १ | स्थानीय निकायको नीतिमा लैंगिक समानता तथा सामाजिक समावेशी विकास | १२ | | ६.५ |
| २ | स्थानीय निकायको क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मुल प्रवाहीकरण | १२ | | २ |
| ३. | लक्षित कार्यक्रम | १२ | | ६.५ |
| ४. | लैंगिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन | १२ | | ६ |
| ५. | आन्तरिक संरचना | १२ | | ६ |
| ६. | सुशासन | १२ | | ९.५ |
| ७. | मानव संसाधन तथा सम्वन्ध विस्तार | १२ | | ४.५ |
| ८. | नेपाल सरकारका लैंगिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | १२ | | ३ |
| | जम्मा प्राप्तांक | ९६ | | ४४ |

# माकुरे जालो



स्थानीय निकायको नीतिमा लैंगिक...
स्थानीय निकायको क्षमता विकास...
लक्षित कार्यक्रम
लैंगिक समानता तथा सामाजिक...
आन्तरिक संरचना
सुशासन
मानव संसाधन तथा सम्वन्ध...
नेपाल सरकारका लैंगिक समानता...
12
10
8
6
4
2
0
Full marks
Mark obtained

**सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु :**

१. स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी बिकास

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| स्थानीय निकायको नीति र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा) | जिबिसको बार्षिक योजनामा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्वन्धी स्पष्ट दीर्घकालीन सोच राखिएको छ । | महिला र पुरुष वीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण वढाउनको लागि संस्थाको निश्चित कार्यनीति वनाउनु पर्ने देखिन्छ । |
| | जिबिसको उद्देश्यले महिलाहरुको बिकासका लागि पनि ध्यान दिएको छ । | महिला र पुरुष वीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण वढाउनको लागि संस्थाको निश्चित रणनीति वनाउनु पर्ने देखिन्छ |
| | | महिला कर्मचारीहरुको संख्या ज्यादै न्युन छ । अव कर्मचारीहरु भर्ना गर्दा महिलाहरुका लागि मात्रै भनेर बिज्ञापन गर्नु पर्ने अवस्था आउँछ । |

२. स्थानीय निकायको क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मुल प्रवाहीकरण

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| लैंगिक तथा समावेशी विकासको लागि क्षमता विकास वजेट | | स्थानीय निकायले लैङ्गिक समावेशी बिकासको लागि बजेट बिनियोजन गर्नु पर्ने |
| क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता | | क्षमता बिकास कार्यक्रममा महिला पुरुषको समान सहभागिता कायम गर्नु पर्ने । |
| स्थानीय निकायको क्षमता विकास कार्ययोजना | | स्थानीय निकायको क्षमता बिकास कार्ययोजनामा महिलाहरुलाई बिशेष प्राथमिकतामा राख्नु पर्ने । |

३. लक्षित कार्यक्रम

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| कार्यक्रम तर्जुमा गर्दा लक्षित समुहको सहभागिता | स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना र तथ्यांक संकलन गर्ने र त्यसमा | कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुस्लिम |

| | | |
|---|---|---|
| | महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरु, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडावर्ग लगायत सूचना लिने गरको | पिछडावर्ग र दलित लगायतका सवै जातजाति र विपन्न गर्गका समुहहरुसंग वसेर समस्यको बिश्लेषण गर्नु पर्ने |
| महिला उत्थानका कार्यक्रमहरु | स्थानीय निकायको योजना लक्षित समुहहरुको लागि छुट्याएको न्यूनतम् बजेट (१० प्रतिशत महिला, १५ प्रतिशत वालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेका वर्गलाई विनियोजन गर्ने गरिएको | स्थानीय निकायको योजना लक्षित समुहहरुले तयार गरेको कार्यक्रममा आधारित हुनु पर्ने |
| स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु | बिपन्नता स्तरीकरण गर्ने गरिएको । | छुट्याईएको वजेट बढि भन्दा बढी आयमुलक कार्यक्रममा खर्च गर्नु पर्ने । |

४. लैंगिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| योजना तर्जुमामा लैंगिक तथा सामाजिक समावेशी विकास | स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना र तथ्यांक संकलन गर्ने गरेको | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टाछुट्टै अवस्था विश्लेषण र आवश्यकता पहिचान गर्ने गरिएका |
| योजना कार्यान्वयनमा लैंगिक तथा सामाजिक समावेशी विकास | उपभोक्ता समितिले गर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता  साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी रहेको | स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट तर्जुमा प्रक्रिया अवलम्वन गरी कार्ययोजना तयार पार्नु पर्ने । |
| अनुगमन तथा मुल्यांकन | स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत | स्थानीय निकायको क्षमता बिकास कार्ययोजनामा महिलाहरुलाई बिशेष प्राथमिकतामा राख्नु पर्ने । |

५. आन्तरिक संरचना

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता | दलित वर्ग उत्थान समिति र आदिवासी जनजाति विकासको लागि | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन |

| | | |
|---|---|---|
| | गठन भएका समितिहरुमा निर्देशिका वमोजिम महिला सहभागिता रहेको, | भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूलाई कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय वनाउनु पर्ने |
| बित्त तथा लेखा व्यवस्थापन | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको | लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था गरी सो अनुसार कार्यक्रम पहिचान गर्नु पर्ने । |
| स्थानीय निकायमा गठित समिति | महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सहभागिता हुने गरेको । | जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता गराउनु पर्ने । |

६. सुशासन

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| पारदर्शिता/जवाफदेहिता | महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको | स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरिता ढंगबाट दिने व्यवस्था मिलाईनु पर्ने । |
| सूचना व्यवस्थापन | स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको | स्थानीय निकायमा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरि व्यवस्थित रुपमा राख्नु पर्ने । |
| सूचना र शिक्षा सञ्चार | स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको | स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्गको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि गर्नु पर्ने । |

७. मानव संसाधन तथा सम्वन्ध बिस्तार

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| मानव संसाधन व्यवस्थापन | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाइ रहेको | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरूको |

| | | |
|---|---|---|
| | | क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरिएको |
| सम्वन्ध बिस्तार | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र ( संजाल) वनाउनु पर्ने |
| व्यवहारिक र रणनीतिक आवश्यकता परिपुर्ति | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार नगरेको, महिलाहरुका रणनीतिक तथा व्यवहारिक आवश्यकता पहिचान गर्नु पर्ने |

८. नेपाल सरकारका लैंगिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| उप सूचकहरु | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| नेपाल सरकारका लैंगिक विकासका नीति र प्रतिवद्धताको कार्यान्वयन | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरुमा अलिअलि वजेट बिनियोजन गर्ने गरिएको | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा ठोस योजना वनाउनु पर्ने |
| महिला बिरुद्ध हुने सवै खाले हिंसा निर्मुल पार्ने । | | महिला हिंसा न्युनिकरणका लागि जिबिसले अगुवाई गर्नु पर्ने |
| नेपाल सरकारका सामाजिक समावेशीकरण विकासका नीति र प्रतिवद्धताको कार्यान्वयन | स्थानीय निकायबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको | महिला सुरक्षाका लागि संयुक्त राष्ट्र संघद्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनमा जोड दिनु पर्ने । |

**लैङ्गिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना**

१. स्थानीय निकायको क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मुल प्रवाहीकरण

| उद्देश्यहरु | क्रियाकलाप | समयाबधी | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| कर्मचारीहरुलाई समावेशी बिकास सम्वन्धि ज्ञान दिने | जिल्ला बिकास समितिका कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धित दुई दिने तालिम दिने | २०७३ भाद्र मसान्त सम्म | ५०००० | जिल्ला बिकास समिति डोटी |
| | जिल्ला बिकास समितिका कर्मचारीहरुलाई लैङ्गिक समावेशी बजेट सम्वन्धि एक दिने तालिम दिने | २०७३ भाद्र मसान्तसम्म | | |
| जिल्ला बिकास समिति क्षमता बिकास गर्ने | जिल्ला बिकास समितिको क्षमता बिकास योजना निर्माण गर्ने | २०७३ कार्तिक मसान्तसम्म | २०००० | जिल्ला बिकास समिति डोटी |
| महिलाहरुको क्षमता बिकास गर्ने | उपभोक्ता समितिमा बसेका महिलाहरु र लक्षित समुदायका प्रतिनिधिहरुलाई क्षमता बिकास तालिम दिने | हरेक उपभोक्ता समितिलाई | योजनामा भएको कन्टेजेन्सी रकम वाट हरेक वर्ष | जिल्ला बिकास समिति/गाउँ बिकास समिति/नगरपालिका |
| योजना तर्जुमा प्रक्रियामा महिलाहरुको सहभागिता बृद्धि गर्ने | स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा महिलाहरुको सहभागिता बृद्धि गर्नका लागि राजनीतिक दल, नागरिक समाज, गैसस र बिषयगत कार्यालयका प्रतिनिधिहरुसंग बृहत छलफल गर्ने, | २०७३ मंसिर मसान्तसम्म | १००००० | जिल्ला बिकास समिति |
| | सहभागिताको लागि जिल्ला परिषदवाट नीति तय गर्ने | फागुन मसान्त सम्म | वजेट नचाहिने | जिल्ला बिकास समिति |

२. नेपाल सरकारका लैंगिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| उद्देश्यहरु | क्रियाकलाप | समयाबधी | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| महिला हिंसा न्यूनिकरणमा पहल गर्ने | लैङ्गिक हिंसा न्युनिकरणका लागि जिल्लाव्यापी अभियान सञ्चालन गर्ने | निरन्तर | आवश्यकता अनुसार | जिबिस, महिला तथा बालबालिका कार्यालय, बिषयगत कार्यालयहरु, गैससहरु |
| महिला बिकास सम्विन्धि बेईजिङ्ग घोषणापत्रको कार्यान्वयन गर्ने | बेईजिङ्ग घोषणापत्रमा भएका १२ वटा प्रतिवद्धता कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु गर्ने | २०७३ माघ मसान्तसम्म | २००००० | जिबिस, महिला तथा बालबालिका कार्यालय, बिषयगत कार्यालयहरु, गैससहरु |
| छुवाछुतमुक्त समाज निर्माण गर्ने | समाजमा जातीगत छुवाछुत हटाउनका लागि चेतनामुलक अभियान सञ्चालन गर्ने | निरन्तर | आवश्यकता अनुसार | जिबिस, गाबिस, गैससहरु |